# कृषि उपज प्रशोधन कारखाना स्थापना अनुदान कार्यविधि

## २०७५

(नेपाल सरकार (सचिव स्तर) को मिति २०७५।६।को निर्णयानुसार स्वीकृत)

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय

## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना ब्यवस्थापन इकाई

# कृषि उपज प्रशोधन कारखाना स्थापना अनुदान कार्यविधि, २०७५

**प्रस्तावना**

कृषि उपजको प्रशोधन गराईदा लगानी बढ्न जाने भएपनि प्रशोधन गरिएका कृषि वस्तुहरुको मुल्य अभिबृद्धि गर्ने भएका कारण यी उपजहरुबाट कृषकहरुलाई अपेक्षित लाभ प्रदान गरी उत्पादन बृद्धिमा अझ बढी हौसला प्रदान गर्न कृषि उपजमा आधारीत प्रशोधन कारखाना स्थापना गरी उचित समयमा विक्री वितरणको व्यवस्था मिलाउन, विभिन्न स्थानमा प्रशोधनका लागि कारखाना स्थापनामा अनुदान उपलव्ध गराउन, निर्यातयोग्य उत्पादन तथा आयात प्रतिस्थपना गर्न प्रशोधन कारखाना स्थापना गरी माग अनुरुप क्रमिक रुपमा आन्तरिक तथा वाह्र वजारमा पुर्याउन तथा कृषकहरुको आय बृद्धि र उत्पादन बृद्धिमा थप योगदान पु-याई रोजगारीको सिर्जना गर्नका लागि निजी कम्पनी, सहकारी संस्थालाई समावेश गरी अनुदान उपलव्ध गराउने कार्यमा सरकारबाट अनुदान सहयोग उपलव्ध गराउने व्यवस्थालाई पारदर्शी तथा प्रभावकारी बनाउन बान्छनिय भएकाले नेपाल सरकारले ........................ कृषि उपज प्रशोधनका लागि कारखाना निर्माणका लागि अनुदान उपलव्ध गराउने सम्बन्धी कार्यविधि, २०७५ जारी गरेको ।

परिच्छेद १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यो कार्यविधिको नाम " कृषि उपज प्रशोधन कारखाना स्थापना अनुदान कार्यविधि २०७५" रहेको छ ।
(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. कार्यविधि लागु हुने ठाँउः यो कार्यविधि नेपाल भर लागु हुनेछ ।

३. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

(क) "उद्यमी" भन्नाले नेपाल सरकारबाट कृषि उपज प्रशोधनका लागि कारखाना स्थापनामा अनुदान उपलव्ध गराउने सम्बन्धी निर्माण तथा मेशिनरीका लागि पाउने अनुदान लिने उद्देश्यले आवेदन दिने निजी कम्पनी वा सहकारी संस्था सम्झनु पर्छ ।

(ख) "प्रस्ताव" भन्नाले उद्यमीले प्रशोधनका लागि कारखाना स्थापनामा अनुदान पाउन पेश गरेको आवेदनको विवरण सम्झनु पर्छ ।

(ग) "अनुदान" भन्नाले कषि उपज प्रशोधनका लागि कारखाना निर्माण गर्ने कार्यमा सहयोग पुर्याउन उपलव्ध गराईने नगद अनुदान रकम सम्झनु पर्छ ।

(घ) "कार्यक्रम" भन्नाले प्रधानमन्त्री कृषि अधुनिकीकरण परियोजना द्वारा संचालित कार्यक्रम सम्झनु पर्छ ।

(ङ) "सहकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम संवन्धित कार्यालयमा दर्ता भएको सहकारी संस्था वा संघ सम्झनु पर्दछ ।

(च) "निजी कम्पनी" भन्नाले निजी क्षेत्रका व्यवसायीबाट कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको कम्पनी संझनु पर्छ । सो शब्दले घरेलु तथा साना उद्योग विभागमा दर्ता भएको उद्योग समेत लाई जनाउँदछ ।

(छ) "कृषि उपज" भन्नाले कृषि क्षेत्रबाट मुलुकमा उत्पादित धान, गहुँ, मकै लगायतका खाद्यान्न तथा अन्य बालीहरू सम्झनु पर्छ ।

(ज) "मूल्यांकन समिति" भन्नाले दफा ७ अनुसार गठित समिति सम्झनु पर्छ ।

(झ) "प्रशोधन" भन्नाले उत्पादित खद्यान्न तथा अन्य बालीको रूप परिवर्तन गरी बस्तु उत्पादन तथा प्याकेजिङ गर्ने सम्झनु पर्छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

४. कार्यविधीको उद्देश्यः

(क) निजी तथा सहकारी क्षेत्रमार्फत कृषि उपज प्रशोधन उद्योग स्थापनाका लागि उत्पादित क्षेत्रमा नै आवश्यक भौतिक पुर्वाधारको विकास गर्ने र कृषकलई सम्बन्धित बालि वस्तुको थप उत्पादनका लागि अभिप्रेरित गर्ने ।

(ख)कृषकहरूले उत्पादन गरेको बाली बस्तु प्रशोधनका लागि कारखाना निर्माण गरी प्रशोधन लागत कम गर्ने, निर्यात प्रवर्द्धन र आयात प्रतिशथापन गर्ने तथा कृषकलाई बढी आय प्राप्त गर्न सक्षम बनाउने ।

(ग) आन्तरिक तथा वैदेशिक बजारको लागि गुणस्तरयुक्त कृषि वस्तुको अपूर्ति व्यवस्थामा योगदान पुर्याउने ।

५. सुचना प्रकाशन तथा प्रस्ताव पेश गर्नेः

(क) यस कार्यविधि अनुरूप संभाव्य र आवश्यक क्षेत्रहरूमा प्रशोधनका लागि कारखाना स्थापनामा अनुदान उपलब्ध गराउने सम्बन्धि कार्यमा सरकारका तर्फवाट सहयेग पुर्याउन अनुदान दिने उद्देश्यले प्रस्तावनाका लागि कार्यक्रमले कम्तिमा ३० दिनको म्याद दिई राष्ट्रिय पत्रिका मार्फत प्रस्ताव आह्वान गर्न सूचना प्रकाशन गर्नेछ ।

(ख) उपदफा (क) बमोजिम सूचना प्रकाशन भए अनुरूप निजी कम्पनी, सहकारी संस्थाले दफा ६ बमोजिमका सबै प्रमाण संलग्न गरी प्रस्ताव पेश गर्न सक्नेछन् ।

(ग) कारखाना स्थापनामा अनुदान उपलब्ध गराउने सम्बन्धि कार्य निम्न उपयुक्त र सम्भाव्य सम्भागहरुमा प्रशोधन कारखाना स्थापना गर्न सहयोग गरिनेछ ।

(घ) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका जोन/सुपरजोनका कार्य क्षेत्र पर्नेछन् ।

६ . आवेदन दिन आवश्यक योग्यता र प्रस्वतावमा उल्लेख गर्नु पर्ने वुंदाहरुः

यस कार्यविधि अनुरुप प्रशोधनका लागि कारखाना स्थापनामा अनुदान उपलब्ध गराउने सम्वन्धी कार्यका लागि देहाय वमोजिमका सबै योग्यता पुगेका उद्यमीहरुले अनुसूचि- २ अनुसार आवेदन दिन सक्नेछन ।

(क) आवेदनको कम्पनी कानुन बमोजिम दर्ता भई तथा स्थायी लेखा नम्बर लिएको वा सहकारी संस्था सहकारी डिभिजन कार्यालय वा स्थानीय तहमा दर्ता भएको, दर्ता नविकरण भएको र नियमित रुपमा लेखा परिक्षण गराएको । सरकारी कर चुक्ता गरेको ।

(ख) प्रशोधनका लागि कारखाना निर्माण गर्न कम्तिमा ०.५ हेक्टर (५००० व. मि.) क्षेत्रफलको जग्गा आफ्नै वा न्यूनतम १५ वर्षका लागि लिजमा लिएको हुनुपर्ने छ । उक्त क्षेत्रमा प्रशोधन कारखानाका लागि आवश्यक हुने बाटो, विजुली , पानी आदिको सहज पहुँच भएको जग्गा हुनुपर्ने छ ।

(ग) प्रशोधनका लागि कारखाना निर्माण गर्न कार्य योजना र न्यूनतम १५ प्रतिशत लागत अंश व्यहोर्न क्षमता भएको हुनु पर्नेछ । उक्त प्रशोधनका लागि कारखानाको क्षमता कम्तीमा १ मे.टन प्रति घण्टा हुनु पर्ने छ ।

(घ) प्रशोधन उद्योगका लागि आवश्यक कृषि उपज कच्चा पदार्थ उत्पादन हुने र संकलन हुने वा गर्ने योजना र सो सम्भाव्यता सम्वन्धि विवरण ।

(ङ) प्रशोधित वस्तु स्वदेशमा र बिदेशमा कसरी विक्रि वितरण गर्ने वा हुने सो को खाका र सो सम्वन्धि आधार ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

७ . मूल्यांकन समितिको गठन व्यवस्थाः

अनुदानका लागि पेश हुन आएका प्रस्तावहरुको मूल्यांकन गरि अनुदानको लागी जोन/सुपरजोन कार्यान्वयन ईकाइमा सिफारिस गर्न निम्न वमोजिमको मूल्यांकन समिति गठन गरिनेछ ।

(क) बरिष्ठ कृषि अधिकृत, जोन/सुपरजोन कार्यान्वयन ईकाइ — अध्यक्ष

(ख) कृषि अधिकृत, (सम्बन्धित कार्यक्रम हेर्ने) जोन/सुपरजोन कार्यान्वयन ईकाइ — सदस्य

(ग) अधिकृत प्रतिनिधि, कृषि ज्ञान केन्द्र — सदस्य

(घ) लेखा प्रमुख, जोन/सुपरजोन कार्यान्वयन ईकाइ — सदस्य

(ङ) ईन्जीनियर/ओभरसियर जोन/सुपरजोन कार्यान्वयन ईकाइ — सदस्य

(च)अधिकृत प्रतिनिधि, सम्बन्धीत स्थानिय तह — सदस्य

समितिले आवश्यकताका आधारमा बढिमा २ जना सम्बन्धित विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

**८. मूल्यांकन समितिको काम, कर्तव्य र अधिकारः**

(क) प्राविधिक वाट स्थलगत निरीक्षण गराउने ।

(ख) सुचांक तयार गरि प्राविधिक तथा अर्थिक प्रस्ताव मूल्यांकन गर्ने ।

(ग) मूल्यांकन बमोजिमको योग्यताक्रम अनुरुप स्वीकृत वजेटको परिधि भित्र कतिवटा ठाउँमा अनुदान उपलब्ध गराउन सकिन्छ सो यकिन गरी स्वीकृतका लागि जोन/सुपरजोनमा प्रस्तावकहरुको नामावली सिफारिश गर्ने ।

(घ) मूल्यांकन सम्वन्धि आवश्यक अन्य कार्य गर्ने गराउने ।

**१० . अनुदान रकम स्वीकृतिः**

मुल्यांकन समितिको सिफारिस बमोजिम प्रशोधनका लागि कारखाना निमार्ण गर्न सम्बन्धित जोन/सुपरजोन कार्यान्वयन ईकाइबाट अनुदान रकमका लागि स्वीकृती दिईनेछ ।

**११. अनुदान प्रवाह विधि**

(क) यस कार्यको लागि एउटा कारखानालाई कुल लगानीको वढीमा ८५ प्रतिशत सरकारी अनुदान दिईनेछ भने घटीमा १५ प्रतिशत लगानी सम्बन्धित नीजि / सहकारी क्षेत्रले व्यहोर्नु पर्ने छ ।

(ख) निर्माण तथा खरीद कार्य गरिसकेपछि सम्पन्न कार्यको बीलको आधारमा रकम भुक्तानी गरिने छ । वैक ग्यारेण्टीको आधारमा सम्झौता रकमको बढिमा २० प्रतिशत पेश्की रकम प्रवाह गर्न सकिनेछ ।

(ग) आयोजना पूर्ण प्रस्तावना माग, छनौट र अनुदान रकमको वितरण कारखाना स्थापनाको पूर्व तयारीको तथा कारखाना निर्माण र मेशिनरी उपकरण खरिद र जडानका कार्य १ अर्थिक वर्ष भित्र सम्पन्न गर्न पर्ने छ।

(५) उद्यमीले मेशिन उपकरण जडान गरेको इन्जिनियरिङ्ग प्रतिवेदनको प्राविधिक वाट स्थलगत निरिक्षण गराई त्यहांवाट पेश गरिएको प्रतिवेदन अनुरुप रकम उपलब्ध गराइनेछ ।

(६) कार्यक्रमले प्रत्येक किस्ता अनुदान रकम एकाउण्ट पेयी चेक मार्फत उपलब्ध गराउनेछ ।

(७) सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली , २०६४ अनुरुप रकम उपलब्ध गराइनेछ ।

(८) यस कार्यविधि अनुरुप उपलब्ध हुने अनुदान सम्वन्धी अभिलेख कार्यालय तथा सम्बन्धित कम्पनी / सहकारीले राख्नु पर्नेछ ।

**१२. उद्यमीले पालन गर्नु पर्ने अन्य कुराः**

(क) उद्यमीले यस कार्यविधि अनुसार निर्माण हुने कामको विवरण निर्माण स्थलमा टाँस्ने व्यवस्था गर्नु पर्ने छ ।

(ख) यस कार्यविधि अनुरुप अनुदान प्राप्त गर्ने उद्यमीले निर्माण कार्यमा इन्जिनियरवाट निरीक्षण एंव सम्पन्न कामको मेजेरमेन्ट बुक राखी बील बनाउने व्यवस्था गर्नु पर्नेछ ।

(ग) सम्पन्न काम र खर्चको प्रतिवेदन चौमासिक रुपमा कार्यक्रममा पठाउनु पर्नेछ ।

(घ) प्रशोधनका लागि कारखाना निर्माणको क्रममा परियोजना तथा प्रदेश मन्त्रालय अन्तर्गत भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयबाट प्राप्त निर्देशनको पालन गर्नु पर्नेछ ।

(ङ) नेपाल सरकारले चाहेमा जुनसुकै बखत उद्यमीको प्रशोधनका लागि कारखाना निर्माण सम्वन्धी हिसाव किताव हेर्न सक्नेछ । हिसाव देखाउनु सम्वन्धित उद्यमीको दायित्व हुनेछ ।

(च) आयोजना संचालन भएपछि कारखाना न्यूनतम १० वर्ष संचालन हुनु पर्नेछ र सो अगावै कारखाना वन्द गरेमा वार्षिक १० प्रतिशतको घटदो दरमा सम्वन्धित संचालकवाट अनुदान रकम असुल गरिनेछ ।

**१३.अनुगमन व्यवस्थाः**

(१) यस कार्यविधि अनुसारको निर्माण कार्य तथा संचालनको अनुगमन प्रधान मन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना ब्यवस्थापन इकाई तथा कार्यान्वयन इकाईले गर्नेछ ।

(२)आवश्यकता अनुसार कृषि विभाग लगायत कृषि तथा पशुपंक्षी बिकास मन्त्रालयले समेत अनुगमन निरिक्षण गर्नेछ ।

(३) कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले यस कार्यविधि अनुरुप निर्मित तथा संचालित प्रशोधनका लागी कारखाना स्थापनामा अनुदान उपलब्ध गराउने सम्वन्धीको अनुगमन निरिक्षण गरी निर्देशन दिन सक्नेछ ।

(४) दफा १४ को खण्ड (१), (२), (३) बमोजिम भएको अनुगमन तथा निर्देशन लिखित अभिलेख/प्रतिवेदन कार्यक्रमले सुरक्षित राख्नु पर्नेछ र सो निर्देशनहरुको पालना गर्नु उद्यमीको कर्तव्य हुनेछ ।

**१४. सेवा शुल्क निर्धारण सम्बन्धी व्यवस्थाः**

प्रशोधनका लागी कारखाना निर्माण गरी संचालन गर्दा उद्यमीले कार्यक्रमको प्रतिनिधि सहित नियम अनुसारको सेवा सुल्क निर्धारण समिति गठन गरी उक्त समितिबाट सेवा शुल्क दर र निर्धारण भए बमोजिम मात्र सेवा शुल्क लिने व्यवस्था गर्नुपर्ने छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

**१५.कारबाही सम्बन्धी व्यवस्थाः**

(१) सम्भौता अनुरुप काम नगर्ने उद्यमीलाई कार्यालयले अनुदान रोक्का गर्न सक्नेछ ।

(२) यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाईएमा त्यस्ता उद्यमीलाई प्रचलित ऐन नियम बमोजिम कारबाही गरी असुल उपर गरिने छ ।

**१६. बाधा अड्चन र निरुपणः**

यस कार्यविधि  कार्यान्वयनमा केही बाधा व्यवधान आईपरेमा वा विवाद उत्पन्न भएमा सो को निरुपण कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले गर्नेछ ।

**१७.खोरेजी एवं संशोधनः**

यस कार्यविधिमा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले आवश्यकता अनुसार संशोधन तथा खारेज गर्न सक्नेछ ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूचि १

प्रशोधनका लागी कारखाना निर्माणको लागी अनुदान रकम उपलब्ध गराउने योजनामा प्रस्ताव मुल्याङ्कन फारम

१. आयोजनाको परिचय
- प्रस्तावना के कसरी र के कार्यका लागी पेश गर्नु भएको संक्षिप्त विवरण ।

२.आयोजनाको औचित्य , आधार
- संभाव्यता
- बजारको माग

३.आयोजनाको प्राविधिक कार्यान्वियन तरिका
- कार्यान्वयन पद्धति
- कार्य तालिका र बजेट स्रोतहरु
- आवश्यक सर सामाग्रीहरुको उपलब्धता
- समयको प्रयाप्तता
- रचनात्मक तत्वहरु

४.आयोजनाको आर्थिक अवस्था र पक्ष
- व्यवसायिक सोच
- बजार विश्लेषण
- वित्तिय विश्लेषण

५. वातावरणीय अवस्था र पक्ष
- वातावरणमा पर्ने प्रभाव
- जोखिम मुल्याङ्कन
- निराकरणका उपायहरु

६. व्यवस्थापन
- कार्यान्वियनमा आउने जोखिम र त्यसको व्यवस्थापन
- सम्वन्धित निकाय बिच समन्वय र सहकार्य

७.दिगोपनाको सम्भावना
- उपलब्धि र प्रतिफललाई दिगो राख्ने क्षमता
- नाफा गर्न सक्ने क्षमता
- दिर्घकालिन लक्ष्यको निर्धारण
- सकरात्मक नगद प्रवाह

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसुची २

(दफा ६ संग सम्बन्धीत)

प्रशोधनका लागी कारखाना निर्माणको अनुदानका लागी आवेदन फारम

श्री जोन/सुपरजोन
....

हाम्रो कृषि सहकारी संस्था/कम्पनीबाट.........................................गा.पा../न.पा./उ.म.न.पा./म.न.पा.................................जिल्ला अन्तर्गत ..............................स्थानमा ........................प्रशोधनका लागी कारखाना निर्माण गर्ने लक्ष्य रहेकोले सो का लागी लागत अनुमान रु. .....................................मध्ये रु...............................हाम्रै संस्था बाट व्यहोरी बाँकी रु.................................अनुदान पाउने व्यवस्थाका लागी निवेदन गर्दछु/गर्दछौ ।

संलग्न कागजातहरु

१. दर्ता तथा नविकरण भएको र स्थायी लेखा नम्बर लिएको कागजको प्रमाणित प्रतिलिपि ।

२. जग्गाको लालपुर्जा वा लिजको प्रमाणित प्रतिलिपि ।

३. नियमित लेखापरिक्षण प्रतिवेदन र सरकारी कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

४. प्रशोधनका लागी कारखानाको (मेशिनरी सहित) डिजाईन तथा लागत अनुमान ...................................

५.प्रशोधनका लागी कारखाना निर्माण गर्ने कार्य तालिका र बजेट स्रोतहरु ...............................................................

६. संस्था/कम्पनीमा हाल रहेको नगद मौज्दातको प्रमाण ...........................................

७. सडक,पानी,र बिजुली रहे नरहेको विवरण.............................................

८.प्रशोधनका लागी कारखाना क्षमताको कति प्रतिशत संचय हुन सक्ने अध्ययन/अनुमान छ ...........................................

९. सेवा पुयाउने व्यवसायीक क्षेत्रहरु ..................................

१०.संस्था/कम्पनीका साधरण सदस्य संख्या.........................................

११. निकट व्यवसायीक कृषकहरुको यस आयोजनामा कस्तो सहभागिता रहने हो विवरण .............................

निवेदक

.....................................................कृषि सहकारी संस्था

.....................................................फर्म/कम्पनी

ठेगाना............................................................

आधिकारीक व्यक्तीको हस्ताक्षरः ........................

संस्थाको छापः

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसुची -३

**प्रस्ताव छनौटका लागि मूल्याङ्कनका आधारहरु**

| सि.नं. | आधार | अङ्क भार | कारण |
|---|---|---|---|
| १. | **जग्गा/बिजुली/सडक** | **३०** | |
| १.१ | जग्गा | २० | |
| १.१.१ | कम्पनी / सहकारीको नाममा जग्गा भएको | २० | |
| १.१.२ | प्रोप्राइटरको नाममा जग्गा भएको | १५ | |
| १.२ | बिजुली र सडक | | |
| १.२.१ | सडक | वढिमा ५ | |
| १.२.२ | बिजुली | वढिमा ५ | |
| २. | डिजाइन/डिटेल इस्टिमेट | **२५** | |
| २.१ | उत्तम | २३.० - २५.० | |
| २.२ | राम्रो | २०.० - २२.९ | |
| २.३ | सामान्य | १७.५ - १९.९ | |
| ३. | व्यवसायिक योजना/दिगोपना/प्रस्तावको आधार | **२५** | |
| ३.१ | उत्तम | २३.० - २५.० | |
| ३.२ | राम्रो | २०.० - २२.९ | |
| ३.३ | सामान्य | १७.५ - १९.९ | |
| ४. | लगानीको आधार (%)/Letter of intent सहित | **१०** | |
| ४.१ | २० 0% भन्दा वढी | १० | |
| ४.२ | १७.१ % - १९ % | ८ | |
| ४.३ | १५ - १७ % | ६ | |
| ५. | कृषि उपज प्रशोधन उद्योग स्थापना सम्बन्धी कार्यमा संलग्न हुने स्वदेशी / विदेशी सप्लायर्स / फर्म/कम्पनीको प्रस्ताव सम्बन्धि कोटेशन तथा अनुभव | **१०** | |
| ५.१ | ५ वर्ष भन्दा वढी अनुभवि कम्पनी | **१०** | |
| 5.२ | ३ देखि ४ बर्ष अनुभवि कम्पनी | 8 | |
| 5.३ | ३ बर्ष भन्दा कम अनुभवि कम्पनी | 6 | |
| | जम्मा:(१+२+३+४+५) | **१००** | |

नोट:

क) प्रतिशपर्धी कम्पनीहरुको मूल्याङ्कन अंक बराबर भएमा नेपाल सरकारबाट कम अनुदान रकम माग गर्ने प्रस्तवलाई प्राथमिकता दिईनेछ ।

ख) ईन्जिनियरिङ्ग डिजाईन स्टिमेट तथा व्यवसायिक योजना प्रस्ताव सफल ठहर भएका प्रस्तावदाताहरुको मात्र स्थलगत (जग्गा, बाटो र विद्युत) अनुगमन गरिने छ र स्थलगत निरिक्षणमा उपयुक्त ठहर भएमा सम्झौताका लागि सिफारिस गरिनेछ ।

सचिव

अनुसुची -४

प्रतिवद्धता पत्र

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना / परियोजना कार्यान्वयन ईकाइ .................. को मिति .................. को सूचना अनुसार कृषि उद्योग प्रशोधन कारखाना स्थापना गर्न ईच्छुक भई सो कार्यक्रममा सहभागिताका लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु/छौ । उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिमकव कार्य गर्ने गरी घटीमा ................. बर्ष सम्म निरन्तरता दिनेछु/ दिनेछौ ।कार्य योजना अनुसारको कार्य नगरेमा वा ................. बर्ष भन्दा अगावै सो कार्यहरु बन्द गरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम फर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/ गर्दछौ अन्यथा प्रचलित ऐन कानून बमोजिम सहुँला / बुझाउँला ।साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नरगेको र सन्चालित कृयाकलापबाट वतावरणलाई असर नपु-याउने प्रतिवद्धता समेत व्यक्त गर्दछु/ गर्दछौ । ईतिसम्वत २०७.............. गते रोज ......... शुभम् ।

सचिव